# कनकाई नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### जामुनबारी झापा

### कोशी प्रदेश, नेपाल

## स्टेशनरी तथा छपाईका सामग्रीहरुको दररेट पेश गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८०।०४।२३**

यस कनकाई नगरपालिकाको आ.व. २०८०।८१ को लागि संलग्न सूचीमा भए बमोजिमका विविध स्टेशनरी तथा छपाईका सामग्रीहरुको लागत अनुमान तथा सोझै खरिद गरिने सामग्रीको दररेट तयार गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित मितिले १५ दिन (२०८०।०५।०५ गते) कार्यालय समय भित्र चालु आर्थिक वर्षभरी फरक नपर्ने गरी दररेट फारम तोकिएको ढाँचामा भरी सम्बन्धीत आपूर्तीकर्ता वा उक्त आपूर्तीकर्ताकोको अधिकार प्राप्त प्रतिनिधिले चालु आ.व. सम्मको लागि नविकरण गरिएको व्यवसाय दर्ता प्रमाणपत्रको छाँयाकपि, मु.अ.कर. दर्ता प्रमाणपत्रको छाँयाकपि, आ.व. २०७८।७९ सम्मको करचुक्ता प्रमाणपत्रको छाँयाकपि तथा अन्य कुनै सरकारी निकायहरुमा दर्ता भएको भए सो प्रमाणपत्रको प्रतिलिपी समेत संलग्न राखी यस कार्यालयमा वा यस कार्यालयको आधरकारिक ईमेल ठेगाना kanakai.mun@gmail.com मा खुल्ला रुपमा निःशुल्क आवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । तोकिएको समयभित्र तोकिएको ढाँचामा पेश हुन आएका दररेट पुरै वा आंशिक रुपमा स्विकार,अस्विकार वा रद्द गर्ने पूर्ण अधिकार यस नगरपालिकामा निहित रहनेछ । यस सूचनामा उल्लेख नभएका विषयहरु प्रचलित कानून बमोजिम हुनेछ ।

यस सूचनाको आवश्यक सामग्रीहरुको विवरण सहितको दररेट पत्र फारम र थप जानकारी यस नगरपालिकाको Web Site- WWW.kankaimun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।